# مختصر شرح ألفاظ الأذان (للجمعية)

# अजानका शब्दहरूको संक्षिप्त व्याख्या

## अजानका शब्दहरूको संक्षिप्त व्याख्या

वैज्ञानिक समिति

विभिन्न भाषाहरूमा इस्लामिक सामग्री सेवा संघ

## अजानका शब्दहरूको व्याख्या

वैज्ञानिक समिति

विभिन्न भाषाहरूमा इस्लामिक सामग्री सेवा संघ

अजान; अल्लाहको दिव्य आह्वान हो, जुन मुस्लिमले दिनमा पाँच पटक सुन्छ; यसले उनीहरूलाई अल्लाहको महानता सम्झाउँछ र सफलताका लागि प्रेरित गर्छ। यो मानिस र उसको सृष्टिकर्ता बीचको सम्पर्कको एक क्षण हो, जसमा ऊ संसारको कोलाहलबाट अलग भएर आफ्नो पालनकर्तासँग एकान्तमा कानेखुसी र प्रार्थना गर्छ।

अजानले उत्कृष्ट अर्थहरू बोकेको छ, जुन अल्लाहको महिमाबाट सुरु हुन्छ र नमाजको लागि आह्वानमा समाप्त हुन्छ, जहाँ मुस्लिमले शान्ति अनुभव गर्दछ।

अजानका शब्दहरू:

“अल्लाहु अकबर अल्लाहु अकबर, अल्लाहु अकबर अल्लाहु अकबर।”

“अल्लाहु अकबर”

अर्थः अल्लाह सबैभन्दा महान् हुनुहुन्छ।

"अल्लाह" शब्दको अर्थ: पूज्यनीय अर्थात् उपास्य र यो सृष्टिकर्ता परमप्रभुको नाम हो। सबै दिव्य नामहरू उहाँसँग सम्बन्धित छन् र उहाँको विशेषताहरूको परिचायक हुन्। अल्लाह एक र अद्वितीय हुनुहुन्छ। नत उहाँ कसैबाट जन्मिनुभएको छ नत कोही उहाँबाट जन्मेको छ। उहाँले आकाश र पृथ्वीको सृष्टि गर्नुभएको हो।

"अल्लाहु अकबर" को अर्थ: अल्लाह सबै भन्दा महान हुनुहुन्छ। उहाँ आफ्नो महिमा र पूर्णता विपरीत हरेक कुराहरूबाट मुक्त हुनुहुन्छ।"

“अल्लाहु अकबर”.. यो वाक्यले मुस्लिमलाई स्मरण गराउँछ, यस जीवनमा कुनै पनि कुराले उसलाई आफ्नो सृष्टिकर्ताबाट विचलित गर्न सक्दैन। मानिसले आफ्नो जीवन अल्लाहको इच्छा र उहाँको शरीअत (कानुन) अनुसार बिताउनु पर्छ, न कि आफ्नो इच्छा र चाहना अनुसार, किनकि अल्लाह संसारका सबै कुरा भन्दा महान हुनुहुन्छ।

"अशहदु अल्ला इलाह इल्लल्लाह, अशहदु अल्ला इलाह इल्लल्लाह।"

"अशहदु अल्ला इलाहा इल्लल्लाह"

अर्थ: म गवाही दिन्छु, अल्लाह बाहेक कोही सत्य पूजनीय छैन।

यही पहिलो गवाही हो, जसको अर्थ हो: अल्लाहलाई सबै चीजहरूको सृष्टिकर्ता, प्रभु, सार्वभौम र प्रबन्धकको रूपमा स्वीकार गर्नु। सत्य उपास्य केवल अल्लाह हुनुहुन्छ, उहाँ एकमात्र हुनुहुन्छ, जसको कुनै साझेदार छैन, न कुनै सन्तान छ, न त उहाँ जस्तो कोही छ; त्यसैले

अल्लाह बाहेक अरू कसैको उपासना गर्नु हुँदैन र अल्लाह बाहेक अरू कसैलाई पुकार्नु हुँदैन।

यो संसारको सबैभन्दा ठूलो गवाही र प्रत्येक नबीहरूको आह्वानको मूल आधार हो। नूह, इब्राहिम, मूसा र ईसादेखि लिएर मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) सम्म सबै नबीहरूले आफ्ना समुदायलाई अल्लाह बाहेक कोही सत्य अल्लाह छैन भन्ने कुरालाई स्वीकार गर्न र त्यसमाथि ईमान ल्याउन आह्वान गर्नुभयो। यो त्यही वचन हो जसको लागि अल्लाहले सारा सृष्टि रचना गर्नुभयो, यसैलाई स्थापित गर्नका लागि आफ्ना रसूलहरू पठाउनुभयो र यसको व्याख्या गर्नका लागि आफ्ना किताबहरू अवतरण गर्नुभयो। जसले यसलाई आफ्नो हृदयबाट पूर्ण निष्ठासाथ स्वीकार्छ, अल्लाहले उसको लागि स्वर्गलाई बनाउनुभएको छ।

यस शब्दको लागि मानिसहरूलाई उनीहरूको चिहानबाट उठाइनेछ अनि कियामतको दिन हिसाब-किताब लिइनेछ; जसले यसमा विश्वास गर्दै आफ्नो जीवन बितायो र यसैमा उसको मृत्यु भयो, उसले महान् सफलता प्राप्त गर्यो र जसले यसलाई अस्वीकार गर्यो र यसको गवाही दिएनन्, ऊ सधैंभरि नर्कमा हुनेछ।

"अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह, अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह।"

"अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह"

अर्थ: म गवाही दिन्छु, मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका सन्देष्टा हुनुहुन्छ।

यस गवाहीको अर्थ: अल्लाहले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई सम्पूर्ण नबीहरूका समापक र अन्तिम सन्देष्टाको रुपमा पठाउनु भयो। त्यसैले अल्लाहको उपासना गर्ने र उहाँको प्रसन्नता प्राप्त गर्ने मार्ग केवल पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को अनुसरण र अनुकरणमा निहित छ। अल्लाहको उपासना मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले ल्याउनुएको शरिया अनुसार नै गर्नुपर्छ भनेर मुस्लिमले गवाही दिन्छ।

यो गवाहीमा यो पनि समावेश छ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) केवल मानिसहरूलाई (तौहीद) तर्फ फर्काउन आउनुभएको हो, जसरी उहाँभन्दा पहिले इब्राहीम, मूसा र ईसा (अलैहिमुस्सलाम) ले गर्नुभएको थियो। उहाँ सम्पूर्ण संसारका पालनकर्ताका सन्देशवाहक हुनुहुन्छ, उहाँले आफ्ना पालनकर्ताको सन्देश सुनाउनका लागि अघिल्लो पैगम्बरहरूले अपनाएको मार्गलाई नै निरन्तरता दिनुभयो, तर उहाँ पछि कुनै नबी आउने छैनन्।

"हय्या अलस्सलाह, हय्या अलस्सलाह।"

"हय्या ‘अलस्सलाह"

अर्थ: नमाजको लागि आउनुहोस्।

यसको अर्थ: हे इमानवाला हो, आफ्नो पालनकर्ताको उपासनाको लागि आऊ, किनकि निश्चय नै ऊ बडो क्षमाशील र अत्यन्त दयावान् हुनुहुन्छ, उहाँले तौबा स्वीकार गर्नुहुन्छ र पापहरूलाई क्षमा गर्नुहुन्छ।

आस्थावानहरूका लागि यो एउटा आह्वान र सम्झना हो, आफ्नो प्रभुको सामु नमाजमा उभिनु पर्ने समय आएको छ।

"हय्या 'अलल्फलाह, हय्या 'अलल्फलाह।"

"हय्या 'अलल्फलाह"

अर्थ: सफलताको लागि आउनुहोस्।

फलाहको अर्थ यस संसार र परलोकमा सन्तुष्टि, विजय, सुरक्षा र मुक्ति हो।

यसको अर्थ अल्लाहको खुशी प्राप्त गर्नु, स्वर्ग प्राप्ति र नर्कबाट मुक्ति हो; किनभने जसले ईमान ल्याउँछ र नमाज पढ्छ, ऊ सफल हुन्छ र जो सफल हुन्छ, उसले मुक्ति पाउँछ र स्वर्गमा अनन्तकालीन बास प्राप्त गर्दछ।

"अल्लाहु अकबर, अल्लाहु अकबर, ला इलाह इल्लाल्लाह।"

तक्बीर र ताौहीदद्वारा समाप्ति

अजानको अन्त्य 'अल्लाहु अक्बर' वाक्यलाई दोहोर्याएर र 'ला इलाह इल्लल्लाह' माथि जोर दिएर गरिन्छ। यी दुवै वाक्यहरू अघिल्ला अर्थहरूको पुष्टि गर्छन् र मानव अस्तित्व यसमा आधारित छ। समय जति लामो भए पनि वा घटनाहरू जति आए पनि यो कहिल्यै परिवर्तन

हुँदैन। अल्लाह सबै कुरा भन्दा महान हुनुहुन्छ, अल्लाह साँचो ईश्वर हुनुहुन्छ, केवल उहाँ उपासना योग्य हुनुहुन्छ र उहाँबाहेक अरूको उपासना गर्नु अमान्य हो।

अन्तमा: अजान नमाजको लागि एउटा आह्वान मात्र होइन, बरु यो सफलता, विजय र कामयाबीको आह्वान हो। यो एउटा यस्तो सन्देश हो जुन मस्जिदहरूबाट दिनमा पाँच पटक गुञ्जिन्छ, जसले हृदयहरूलाई झक्झकाउछ; र अल्लाह निकट हुनुहुन्छ भनेर हामीलाई स्मरण गराउँछ।

आफ्नो हृदयलाई आस्थाको लागि खोल्नुहोस् र भन्नुहोस्: “अशहदु अल्ला इलाह इल्लल्लाह व अशहदु अन्न मुहम्मदर्रसूलुल्लाह” (म गवाही दिन्छु, अल्लाह बाहेक कुनै सत्य अल्लाह छैन र म गवाही दिन्छु, मुहम्मद अल्लाहका रसूल हुनुहुन्छ)। यसो गर्दा तपाईं अल्लाहको दयामा प्रवेश गर्नुहुनेछ, यस संसारमा खुशी पाउनुहुनेछ, परलोकमा मुक्ति पाउनुहुनेछ र न्यायको दिनमा विश्वासीहरूको साथमा पुनरुत्थान हुनुहुनेछ।

**विषयसूची**

अजानका शब्दहरूको संक्षिप्त व्याख्या........................................2
अजानका शब्दहरूको व्याख्या..................................................2

ne504v1.1 - 06/09/2026